# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, कार्त्तिक १८ गते, २०७६ साल (संख्या ३०


## भाग ५

## निर्वाचन आयोगको

### सूचना

निर्वाचन आयोगले संवत् २०७६ साल मंसिर १४ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तह सदस्यको उपनिर्वाचन प्रयोजनको लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको उपनिर्वाचन हुने जिल्लामा र स्थानीय तहको सदस्यको उपनिर्वाचन हुने स्थानीय तहमा देहाय बमोजिम निर्वाचन आचार संहिता, २०७२ लागू गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सार्वजनिक संस्थाको हकमा मिति २०७६/०७/०८ देखि निर्वाचन सम्पन्न नभए सम्म।

(ख) राजनीतिक दल तथा सम्बन्धित व्यक्तिको हकमा मिति २०७६/०७/०८ देखि निर्वाचनको अन्तिम परिणाम प्राप्त नभए सम्म।

(ग) उम्मेदवार तथा सम्बन्धित व्यक्तिको हकमा मनोनयनपत्र दर्ता भएको मितिदेखि निर्वाचनको अन्तिम परिणाम प्राप्त नभए सम्म।

(घ) आमसञ्चारका माध्यम, निजी तथा गैर सरकारी संस्था तथा पर्यवेक्षकको हकमा उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरेको मितिदेखि निर्वाचनको अन्तिम परिणाम प्राप्त नभए सम्म।

(ङ) उपनिर्वाचन हुने स्थानका कर्मचारीको हकमा मिति २०७६/०७/०८ देखि निर्वाचनको अन्तिम परिणाम प्राप्त नभए सम्म।

आज्ञाले,
देव कुमारी गुरागाईं
सचिव